स्थानीय सरकार
कोन्ज्योसोम गाउँपालिका
Konjyosom Rural Municipality
གོང་རྫོང་སོམ་གྲོང་སྡེ།
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
चौघरे, ललितपुर
Chaughare, Lalitpur
बागमती प्रदेश, नेपाल।
Bagamati Province, Nepal.


पत्र संख्या /Ref.No: २०८२/०८३
चलानी नं./Dispatch No: ४५

# सेवा करारमा कर्मचारी पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना !

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/१४ गते)**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमार्फत सञ्चालन हुने सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना कार्यान्वयन गर्नका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सेवा इकाइ कोन्ज्योसोम गाउँपालिकामा रिक्त रहेको करार सेवाको फिल्ड सहायक पदको सामाजिक सूरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका-२०७४ बमोजिम करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले तपशिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/०४/२८ गते) कार्यालय समयभित्र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | सूचना नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | फिल्ड सहायक | सहायक चौथो | १ |

१. आवश्यक न्यूनतम योग्यताः

- कम्तीमा एसएलसी/एसईई (S.L.C./S.E.E.) वा सो सरह उर्तिण गरेको,
- सामाजिक परिचालन सम्बन्धी कार्यको अनुभव,
- सञ्चार दक्षता भएको,
- अतरवैयक्तिक संवाद दक्षता भएको,
- समूहमा काम गर्न सक्ने
- इमेल इन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको।

२. उमेरः कम्तीमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

३. दरखास्त दिने अन्तिम मितिः २०८२/०४/२८ गते कार्यालय समय भित्र।

४. आवेदन दस्तुरः रु.१०००/- (एक हजार रुपैयाँ मात्र) सानिमा बैंकमा रहेको यस कार्यालयको खाता नं. **०६६०१००००१३ कोन्ज्योसोम गा.पा.-१.१ आन्तरिक राजस्व** खातामा जम्मा गरी भौचर अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

५. दरखास्त दिने स्थानः कोन्ज्योसोम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चौघरे, ललितपुर ।

६. छनौटको किसिमः प्रारम्भिक योग्यता क्रमसूची प्रकाशन र अन्तरवार्ता।

७. आवेदन साथ संलग्न गर्नुपर्ने कागजात उम्मेवार स्वंयमले प्रमाणित गरेका देहायबमोजिमका कागजातको प्रतिलिपीः-

- नागरिकताको प्रतिलिपी
- न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्रको प्रतिलिपी
- चारित्रिक प्रमाण-पत्रको प्रतिलिपी
- २ प्रति पासपोर्ट साइजको फोटो
- कार्य अनुभवः सामाजिक परिचालन सम्वन्धी कार्य अनुभव भएको।

८. सेवा सुविधाः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले तोके बमोजिम हुनेछ।

९. पदले सम्पादन गर्नुपर्ने कामः गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

२०८२/०४/१४

गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत